# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ७ गते, २०७९ साल (संख्या १४

# भाग २

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

## नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# ईन्द्रावती गाउँपालिकाको लघु, घरेलु तथा साना उद्योग दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७९

# ईन्द्रावती गाउँपालिकाको लघु, घरेलु तथा साना उद्योग दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना**

नेपालको संविधानको भाग ४ को धारा ५१ अन्तर्गत उल्लेखित अर्थतन्त्रमा निजी तथा सरकारी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन स्रोतको अधिकत्तम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न साथै हासिल गरिएको समृद्धिमा बहुसंख्यक जनताको पहुँच स्थापना गर्न मार्ग निर्देशन गर्ने भनिएको र स्थानीय श्रम, सिप तथा स्रोत साधनको अधिकत्तम परिचालन गर्दै दिगो औधोगिक विकास कायम गर्न र लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ५ को खण्ड (घ) को उपखण्ड ७ को अधिकार प्रयोग गरी कार्यपालिका बैठकले यो कार्यविधि जारी गरिने छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "इन्द्रावती गाउँपालिकाको लघु, घरेलु तथा साना उद्योग दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७९" रहको छ ।

(२) यो कार्यविधि इन्द्रावती गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रशासन भएको मितिदेखि लागु हुनेछ ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क "उद्योग गाउँपालिकाको कार्य क्षेत्र भित्र संचालन हुने लघु,घरेलु तथा साना उद्योग सम्झनु पर्दछ ।

ख "उद्योग नियमन शाखा" भन्नाले गाउँपालिकाको उद्योग सम्बन्धी विषय हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्दछ ।

ग "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ "गाउँपालिका" इन्द्रावती गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इन्द्रावती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च "सभा" भन्नाले इन्द्रावती गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

३ उद्योग सम्बन्धी व्यवस्थाः

१) उद्योग व्यवसाय, सेवा र पेशाजन्य क्रियाकलापहरु गाउँपालिका भित्र सञ्चालन गर्नका लागि यस कार्यविधिले निर्देशन गरे बमोजिम दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

२) उद्योग दर्ता गर्नका लागि अनुसूचि १ मा तोकिए बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

३) पेश गरेको निवेदनको आधारमा आवश्यक कारवाही गरी गाउँपालिका उद्योग व्यवसायीलाई अनुसूचि २ बमोजिमको ढाँचामा उद्योग व्यवसाय दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

४) तर, व्यवसाय गर्नु पूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमती लिनुपर्ने अवस्थामा सम्बन्धित उद्योग संचालकको हुनेछ ।

५) उद्योग व्यवसाय सञ्चालित स्थानमा दर्ता प्रमाणपत्र अनिवार्य रुपमा सबैले देख्ने गरी टाँस गरिएको हुनु पर्नेछ

४. उद्योग दर्ता गर्न आवश्यक कागजातहरः

१) उद्योग संचालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

२) अनुसूचि १ बमोजिमको निवेदन

३) कम्पनी भएमा रजिष्टारको कार्यालयमा दर्ता भएको प्रमाण पत्र, प्रबन्ध पत्र तथा नियमावलीको प्रतिलिपि,

४) वडा कार्यालयबाट चार किल्ला प्रमाणीतको कागजात र संधियार को सहमती पत्र,

५) जग्गा धनि दर्ता प्रमाण पत्रको प्रतिलिपि वा घर भाडा सम्झौता,

६) सम्बन्धित निकायको सिफारिस आवश्यक पर्ने भए रित पूर्वकको सर्जमिन मुचुल्का

७) गाउँपालिकाको आर्थिक ऐन अनुसार हुनेछ ।

८) कार्यालयले आवश्यक ठानेका अन्य कागजात ।

५. बन पैदावारमा आधारित उद्योग थप व्यवस्थाः

१) बनमा आधारित उद्योगहरु भएमा देहायको मापदण्ड पुरा हुनुपर्ने,

क. बन जंगलमा कुनै पनि हानि नोक्सानी नपुराई काठ/ दाउराको प्रयोग नगरी सम्बन्धित बनस्पतिबाट तेल निकाल्ने,चुर्ण बनाउने, ब्रिकेट बनाउने,ढकीया बुन्ने,दुनाटपरी उत्पादन गर्ने उद्योगहरुको हकमा न्यूनत्तम दुरीको प्रावधान नलाग्ने तर त्यस्ता उद्योगको स्थापना गर्दा डिभिजन वन कार्यालयको सहमति लिनु पर्ने,

ख. ईटा जन्य उद्योगको हकमा यो कार्यविधि लागु हुनु पूर्व स्थापना भई संचालनमा आएका उद्योग बाहेक अव उप्रान्त गाउँ क्षेत्र भित्र नँया उद्योग दर्ता गर्न पाइने छैन ।

ग. क्रसर उद्योगको जग्गा भाडामा लिई सञ्चालन गर्ने भएमा जग्गा धनीसँग कम्तिमा ५ वर्षको सम्झौता हुनुपर्ने

६. नविकरणः

१) प्राईभेट तथा साझेदारी फर्मको म्याद सकिएको मितिले ३५ दिन भित्र नविकरण गर्दा जरिवाना लाग्ने छैन ।

२) ३६ दिन देखी ३ महिना भित्र नविकरण दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

३) एक वर्ष भित्र नविकरण दस्तुरको तेब्बर दस्तुर लाग्नेछ ।

४) १ वर्ष पछि तेब्बर दस्तुर र प्रति वर्षको थप दर्ता शुल्क बराबर रकम लाग्नेछ ।

५) दर्ता तथा नविकरण सम्बन्धी दस्तुर आर्थिक ऐन बमोजिम हुनेछ सो दर दफा ८(१) बमोजिमको निर्देशक समितिले हेरफेर गर्न सक्नेछ ।

७.उद्योगको पूजीं बृद्धि , उद्देश्य थप, नामसारी, नाम परिवर्तन तथा ठाउँसारीका लागि देहायको मापदण्ड पुरा हुनुपर्नेछः

१) पूँजी तथा क्षमता बृद्धि, उद्देश्य थप, नाम परिवर्तन तथा ठाउँसारीको लागि कारण सहितको निवेदन,

२) संशोधित (स्कीम) परियोजना,

३) उद्योग व्यवसाय दर्ता प्रमाणको सक्कल प्रमाण पत्र,

४) आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र,

५) कार्यालयको रोहवरमा सनाखत सहितको हक छोड पत्र,

६) नामसारी गरी लिने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

७) पासपोर्ट साइजको फोटो २ प्रति ।

## परिच्छेद-३

## उद्योग व्यवस्थापन निर्देशक समिति

८. उद्योग व्यवस्थापन निर्देशक समितिः

१) गाउँपालिका भित्र सञ्चालित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरुको सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यहरुका लागि मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क. गाउँकार्यपालिका अध्यक्ष | अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. आर्थिक विकास समितिका संयोजक | सदस्य |
| घ. कार्यपालिकाले तोकेका २ जना कार्यपालिका सदस्य | |
| ङ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| च. सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

२) दफा ८ बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३) यस समितिको कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ ।

४) उद्योग दर्ता, नविकरण, संचालन सम्बन्धी यस कार्यविधिमा उल्लेख भए बाहेकका विषयमा निर्णय वा निर्देशन गर्नु परेमा यसै निर्देशक समितिले गर्नेछ ।

९. उद्योग व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

१) लघु, घरेलु तथा साना उद्योगहरुको अनुमति इजापत प्रदान गर्ने,

२) लघु, घरेलु तथा साना उद्योग व्यवसायको क्षेत्राधिकार भित्र प्रचलित कानून अनुसार ठाउँसारी, नामसारी, पूजीँ वृद्धि क्षमता वृद्धि, संशोधन तथा उद्देश्य थप गर्ने

।

३) उद्योगको प्रकृति अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य गर्ने, गराउने ।

४) स्थानीय स्तरमा विभिन्न छुट सहुलियत दिने,

५) उद्योग प्रशासनलाई सरल र सक्षम बनाउन आवश्यक पर्ने कार्य गर्ने ,

६) सम्भाव्य उद्योगहरुको प्रविधि विस्तार सम्बन्धि कार्य गर्ने,

७) उद्योगहरुको कामको आधारमा परामर्श प्रदान गर्ने,

८) सिप विकास तथा उद्यमशिलता विकास कार्यक्रमको योजना तयार गरी सञ्चालन गर्ने,

९) लघु, घरेलु तथा साना उद्योग व्यवसायको तथ्याङ्क सूचि अध्यावधिक गर्ने ।

## परिच्छेद-४

## विविध

१०. गाउँपालिकाबाट दर्ता हुने उद्योगहरुको देहाय बमोजिम वर्गीकरण गरि अनूसूचि ३ बमोजिमको ढाँचामा उद्योग दर्ताको जानकारी दिईने छ

क. प्राकृतिक स्रोतसाधनसँग सम्बन्धित उद्योगहरुः ब्लक रिङ कंक्रिट, फर्निचर

ख. सेवा प्रवाहसँग सम्बन्धित उद्योगहरुः चिया र कफि पसल, पर्यटन पर्वद्धन गर्ने व्यवसाय, सुन्दरताजन्य व्यवसाय (ब्यूटी पालर), निर्माण सेवा उद्योग, सुचना तथा सञ्चार सेवा, मनोरञ्जन तथा साँस्कृतिक र खेलकुद सेवा, कार्यशाला वर्कशप, सार्वजनिक परिवहन अन्तर्गत ढुवानी सेवा, मोवाइल टेलिफोन जस्ता सेवा व्यवसायहरु ।

ग. दैनिक उपभोग्य बस्तको उत्पादन तथा विक्रि वितरण सँग सम्बन्धित उद्योगहरुः कुटानी पिसानी मिल नर्सरी तथा तरकारी फर्म , दूग्ध जन्य पदार्थ उत्पादन जस्ता उद्योगहरु, किराना पसल ।

घ. मेसिनरी सामान निर्माण मर्मत र विक्रि सम्बन्धि ग्यारेजहरु

ङ. मानव तथा जैविक स्वास्थ्य उद्योगहरुः कृर्षि तथा पशु स्वास्थ्य फर्म, स्वास्थ्य तथा

सामाजिक सेवा ।

च. ज्ञान र सिप सिकाउने उद्योगहरुः  ट्यूसन सेन्टर, कम्प्यूटर इन्ष्टिचयुट, प्रशिक्षण केन्द्र, सिलाईकटाई सेन्टर ।

११. प्रोत्साहन र सहजिकरण सम्बन्धी व्यवस्थाः

१) कृषि जन्य उद्योग व्यवसाय सञ्चालन गर्ने स्थानीयलाई प्रोत्साहन गरिने छ ।

२) स्थानीय वासिन्दालाई रोजगारी प्रदान गर्नुका साथै स्थानीय स्तरमा भएको उत्पादनलाई बजार व्यवस्थापन गर्न र उद्योग व्यवसाय स्थापना गर्न भौतिक पूर्वाधार निर्माण गर्न गाउँपालिकाले सहुलियत उपलब्ध गराउन सक्ने छ ।

३) महिला, सिमान्तकृत, उत्पीडित, विपन्न, युवा लगायतका लक्षित वर्गलाई उद्यमशिलता प्रवर्द्धनका लागि तालिम र अनुदानको व्यवस्था गर्न सकिने छ ।

१२. श्रमिक सम्बन्धी व्यवस्थाः

१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण उद्योग व्यवसायीले नेपालको प्रचलित श्रम ऐन तथा कानूनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

२) प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिकलाई प्राथमिकता दिनुपर्ने छ ।

१३. वातावरणीय परीक्षणसम्बन्धी व्यवस्थाः

यस कार्यविधि बमोजिम कुनै उद्योग स्थापना गर्न वातावरणीय प्रभाव मूल्याङकन वा प्रारम्भिक वातावरणीय परिक्षण गर्न पर्ने भएमा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

१४. सामाजिक उत्तरदायित्वः

प्रत्येक उद्योगले गाउँ क्षेत्र भित्र तोकिए बमोजिम सामाजिक उत्तरदायित्वको रुपमा योगदान गर्नु पर्ने छ ।

१५. उद्योगको खारेजी तथा नियमन सम्बन्धी व्यवस्थाः

१) देहायको अवस्थामा दर्ता भएका उद्योगको दर्ता खारेजी गर्न सकिनेछः-

क) प्रचलित ऐन कानून बमोजिम मापदण्ड पूरा नगरी सञ्चालन गरेमा,

ख) २ वर्ष सम्म नविकरण नगरेमा,

२) खारेज भएको २ वर्ष भन्दा अघि सोहि व्यक्तिको नाममा गाउँभित्र कुनै पनि उद्योग दर्ता गर्न पाइने छैन ।

३) अनुगमन र निर्देशक समितिले निर्णय गरी दिएको अन्य अवस्था भए ।

१६. बाधा अड्काउ फुकाउः

यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत व्यवहारिक वा कार्यसम्पादन सम्बन्धित समस्या आई परेमा कार्यपालिकामा वा निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७. खारेजी तथा बचाउः

१) यो कार्यविधि जारी हुनु पूर्व गाउँपालिका वा अन्य निकायमा दर्ता नविकरण भई अनुमति प्राप्त भएका उद्योगहरुको दर्ता तथा नविकरण यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूचि १

## दफा ३ (२) र ४ (२) सँग सम्बन्धित

## उद्योग व्यवसाय दर्ता सम्बन्धी  निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

इन्द्रावती  गाउँपालिका गाउँ कार्यपालिका कार्यालय

नवलपुर, सिन्धुपाल्चोक ।

**विषयः लघु, घरेलु तथा साना उद्योग दर्ता गरी पाउँ ।**

मैले/हामीले निम्न स्थानमा .................................. उद्योग दर्ता गर्न लागेकाले आवश्यक कागजात सहित दस्तखत गर्न आएको छु/छौ । इन्द्रावती  गाउँपालिकाको लघु, घरेलु तथा साना उद्योग सञ्चालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउन तथा इन्द्रावती गाउँपालिकाबाट समय समयमा दिइने आदेश र निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौ । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरण ठिक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौ ।

क) व्यवसायीको नाम.......................... नागरिकता नं. ............. फर्म वा कम्पनीको हकमा मुख्य व्यक्तिको नाम ....................................

ख) स्थायी ठेगाना ............................ जिल्ला .............. गा.पा/न.पा...... वडा नं. .......... मार्ग ............... घर नं...............

ग) बाबुको नाम थर .......................................बाजे .....................

घ) व्यवसाय रहने स्थानको ठेगाना .............. वडा नं. ....... मार्ग ......... घर नं. ................ वेव साइड ...............................................

ङ) सम्पर्क फोन नं. ........................ इमेल ....................................

च) भाडामा रहेको भए व्यवसाय रहने घर जग्गा धनिको नाम थर ...........
ठेगाना ................ वडा नं. ...................... मार्ग ............ घर नं....

छ) व्यवसायको विवरण र प्रकृति ....................................................

ज) पुँजी लगानी ....................................

कुल पुजीँ लगानी ......................... स्थिर पुँजी ........ चालु पुँजी .....

वार्षिक उत्पादन क्षमता रु ......................................

झ) फर्म वा कम्पनीको नाम ...........................................................

ञ) परिचय पाटीको साइज...... लम्बाई ...... चौडाई ...... वर्ग फिट ....

ट) अन्य दर्ता भएको भए दर्ता नं. .......कार्यालय ..................................

ठ) उद्योगको कानूनी रुप (फर्म):

१) निजी ( ) २) साझेदारी ( ) ३) प्रा.लि. ( )

उद्योगको वर्ग:

१) प्राकृतिक स्रोतसाधन सँग सम्बन्धित ( )

२) सेवा प्रवाह सँग सम्बन्धित ( )

३) दैनिक उपभोग्य बस्तुको उत्पादन तथा विक्रि वितरण सँग सम्बन्धित ( )

४) मेसिनरी सामान निर्माण, मर्मत र बिक्रिसँग सम्बन्धित ( )

५) मानव तथा जैविक स्वास्थ्यसँग सम्बन्धित ( )

६) ज्ञान, सिप सँग सम्बन्धित ( )

ड) आवश्यक जनशक्तिः प्राविधिक ...................... अप्राविधिक ...... अन्य ......................

ढ) संलग्न गर्नु पर्ने कागजातः

- आफनै घर जग्गा भए जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि,
- भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तालिका समेत खुलेको घर बहालकर

सम्झौता पत्र,

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, विदेशी नागरिकताको हकमा नेपाल स्थित राजदुतावासबाट व्यवसायको नाम गरिएको कागज,
- कर दाताका हालसालैको पासपोर्ट साइजको फोटो २ प्रति
- फर्म कम्पनि भएमा दर्ता इजाजत पत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको कर दाता प्रमाण पत्रको प्रतिलिपि ।

फोन नं. :

मिति ...........

दस्तखतवालाको नाम ..............

हस्ताक्षरः

कार्यालय प्रयोजनका लागि

निवेदन दस्तुर ................. दर्ता दस्तुर .......... उद्योग व्यवसाय कर ................. परिचय पाटी दस्तुर ........ जरिवाना .......६थजद ..... जम्मा रकम ............... मिति .............................

ठिक छ भनि रुजु गर्ने                                        स्वीकृत गर्ने

## अनुसूचि २

## दफा ३ (३) सँग सम्बन्धित

## <u>उद्योग दर्ता प्रमाण पत्र</u>

कर दाता नं. ........................

दर्ता मिति ..................... प्रमाण पत्र नं. ......... जिल्ला ............ गा.पा........... वडा नं. .. बस्ने श्री ......................... लाई इन्द्रावती गाउँपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, सञ्चालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै इन्द्रावती गाउँपालिकाबाट समय समयमा दिइने आदेश र निर्देशन समेत पालना गर्न मन्जुर भएको निवेदनको आधारमा प्रा.फ./सा.फ./प्रा.लि. फर्म रजिष्टेशन गरी यो

प्रमाणपत्र जारी गरिएको छ ।

व्यवसायको नामः....................................

व्यवसाय रहने स्थानः ......................... गाउँपालिका वडा नं. ....... बाटोको नाम ............. घर नं. . टोल नं. ........ व्यवसाय रहने घरजग्गा धनिको नाम ........ व्यवसायको प्रकृति .............. विवरण ............... पुजी लगानीः कुल पुँजी रु............ स्थिर पुँजी रु......................... चालु पुँजी रु. .....................

स्वीकृत गर्नेको हस्ताक्षर

नविकरण गरेको प्रमाण पत्र

| क्र.स. | नविकरण गर्ने कार्यालय | नविकरण अवधि | नविकरण दस्तुरको भौचर नं.<br>मिति | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

नोटः

१) दर्ता भएको मितिले २ वर्ष पुगेपछी सम्बन्धित कार्यालयमा गई ३५ दिन भित्र नविकरण गर्नुपर्नेछ ।

२) उद्योग गरि आएको स्थान परिवर्तन गर्न परेमा इन्द्रावती गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३) उद्योग बन्द गर्नुपरेमा इन्द्रावती गाउँपालिकाको कार्यालयबाट बन्द भएको जनाउपत्र अनिवार्य लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्ने छ ।

४) यो प्रमाण पत्र उद्योग गरेको स्थानमा सबैले देखिने गरी राखिनुपर्दछ र कर्मचारीले हेर्न चाहेको खण्डमा तुरुन्त देखाउनु पर्दछ ।

५) कुनैपनि किसिमको व्यवसायिक गतिविधिमा बाल श्रमिक प्रयोग गर्न पाइने छैन ।

६) उद्योगबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताकव हुनेछ ।

७) उद्योग संचालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८) उल्लेखित सर्तनामाहरु पालना नगरेमा जुनसुकै बखत पनि यो प्रमाण पत्र रद्द गरिनेछ वा उद्योग व्यवसाय बन्द समेत गर्न सकिनेछ ।

यो प्रमाणपत्र दर्ता, नविकरण, संचालन र नियमन प्रयोजनको लागि जारी गरिएको हो । प्रचलित कानून बमोजिम दर्ता गरेर मात्र त्यस्तो कार्य संचालन गर्नुपर्नेछ ।

## अनुसुची ३

## दफा १० (१) सँग सम्बन्धित

प.स. ...........

च.नं. ...........

मिति .....................

श्री ...........................

..........................................

विषयः उद्योग दर्ता गरिएको बारे ।

तपाईले स्थिर पूँजी रु. ................ र चालु पूँजी रु .................

कुल पूँजी रु. .................................... लगानी मा बराबरको उत्पादन गर्ने उद्देश्यले जम्मा कामदार ................. जना राखी बागमती प्रदेश इन्द्रावती गाउँपालिका वडा नं. ......मा उद्योग व्यवसाय स्थापना गर्ने गरी ................ नामको प्रा.फ/सा.फ/प्रा.लि. फर्म रजिष्टेशन गरी पाउँ भनी दिनु भएको निवेदन उपर आवश्यक कारवाही हुँदा मिति ................... को निर्णय अनुसार तपशिलका अनुसारका शर्त पालना गर्ने गरी रजिष्टेशन गरिदिने भनि निर्णय भएको हुँदा तपाई समेतको नाममा दर्ता रजिष्टेशन भएको प्रा.फ.नं. .................. को सक्कल प्रमाणपत्र यसैपत्र साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारी गराइन्छ ।

**उद्योग व्यवसायीले पालना गर्नुपर्ने शर्तहरुः-**

१. उद्योग व्यवसाय गर्न आवश्यक पर्ने सम्पुर्ण कच्चा पदार्थ स्वयंमले व्यवस्था गर्नुपर्नेछ ।

२. उद्योगको साईनवोर्ड र फर्मको प्याडमा रजिष्टेशन नं. अनिवार्य रुपले राख्नुपर्नेछ ।

३. नाबालकलाई काममा लगाउन पाईने छैन ।

४. छरछिमेको कोही कसैलाई बाधा व्यवधान नपर्ने गरि काम गर्नुपर्नेछ ।

५. रात्री सिट संचालन गर्दा पूर्व स्वीकृती लिई मात्र संचालन गर्नुपर्नेछ ।

६. प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिकलाई प्राथमिकता दिनुपर्ने छ ।

७. उद्योग व्यवसाय संचालन गर्दा वातावरण प्रदुषण हुन नदिन आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

८. तोकिएको शर्तहरु पालना नभएको पाइएमा प्रचलित कानून अनुसार बन्द गर्न सकिनेछ ।

...................

स्वीकृत गर्नेको हस्ताक्षर

प्रमाणिकरण मितिः २०७९।०९।०७

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत